# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८२ साल वैशाख २३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

**<u>प्रदेश मन्त्रिपरिषद् बैठक संख्याः ०१/०८२</u>**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सभाको सोह्रौं अधिवेशन मिति २०८२।०२।०५ गते सोमबार बिहान ११:०० बजे आह्वान गर्न माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम बागमती प्रदेश लोक सेवा आयोगको मौजुदा दरबन्दी संख्यामा नबढ्ने गरी संशोधित सङ्गठन संरचना तथा दरबन्दी तेरिज स्वीकृत गर्ने। |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजामती सेवाका राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहका विभिन्न समूहका अधिकृतहरुलाई अनुसूची-१ बमोजिम कामकाजमा खटाउने। |
| ४. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | मन्त्रालयको विपद् व्यवस्थापनका लागि स्वंयमसेवक समुह निर्माण कार्यक्रम अन्तरगत विनियोजित रकम रु. १,००,००,०००।— (एक करोड रुपैंया) बजेट मध्येबाट संलग्न अनुसूची बमोजिमका प्रदेश भित्रका १९ स्थानीय तहहरुलाई प्रति स्थानीय तह ५ (पाँच) लाखका दरले अख्तियारी प्रदान गर्ने। |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | अनुसूची-१ मा संलग्न स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान रकम रु. १ अर्ब ६६ करोड २५ लाख स्वीकृत गर्ने। |
| ६. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | १. प्रदेश भू-उपयोग परिषदमा विशेषज्ञ सदस्यहरुको रुपमा कार्य गर्ने गरी श्री बिष्णु प्रसाद ज्ञवाली, तानसेन- ४, पाल्पा र श्री हरि प्रसाद सुवेदी, भरतपुर-१०, चितवनलाई मनोनयन गर्ने।<br>२. प्रकरण १ बमोजिम मनोनित हुनु हुने विशेषज्ञ सदस्यलाई प्रति बैठक भत्ता कर सहित रु. २५००।—(पच्चीस सय मात्र) र भ्रमण खर्च बापत प्रदेश भ्रमण खर्च नियमावली, २०७७ बमोजिम द्धितीय तहले प्राप्त गर्ने सरह उपलब्ध गराउने। |
| ७. | सामाजिक विकास मन्त्रालय | बागमती प्रदेश विश्वविद्यालय, संरक्षक समितिका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेललाई प्रदेश उच्च शिक्षा परिषद्को सदस्य पदमा मनोनयन गर्ने। |
| ८. | सामाजिक विकास मन्त्रालय | श्री राम प्रसाद रिमाल (स्थायी ठेगाना- विदुर न.पा.-३, नुवाकोट) लाई बागमती प्रदेश विश्वविद्यालय, संरक्षक समितिको सदस्य पदमा मनोनयन गर्ने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।